# बिर्तामोड नगरपालिका
# नगरकार्यपालिका‌को कार्यालय

बिर्तामोड, झापा

कोशी प्रदेश, नेपाल ।

पत्र सङ्ख्यां. :२०८१/०८२ (प्रशासन शाखा)

च.नं. :

## *कागजात सहित निवेदन पेश गर्ने सम्बन्धी सूचना ।*

(प्रकाशित मिति:- २०८१ श्रावण १३ गते)

स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को १६ खण्ड (ग) को उपखण्ड ३ बमोजिम ***स्थानीय तहमा कर्मचारी समायोजन हुँदाका वखत स्वीकृत स्थायी दरवन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी, करार नियुक्ति भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुँदा बखतसम्म अविछिन्न रुपमा कार्यरत रहेका र न्युनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सरकारी सेवाका अस्थायी, करार कर्मचारीलाई यो ऐन प्रारम्भ भएपछि प्रदेश लोक सेवा आयोगबाट एक पटकका लागि त्यस्ता कर्मचारीहरु मात्र सहभागी हुन पाउने गरि विज्ञापन प्रकाशन गरिनेछ । उक्त विज्ञापनमा उम्मेदवार हुन त्यस्ता कर्मचारीलाई उमेरको हद लाग्ने छैन भन्ने*** व्यवस्था भएको ।

उक्त व्यवस्था अनुसार पदपुर्ति गर्न माग आकृति फारम पठाउने भनि प्रदेश लोक सेवा आयोग कोशी प्रदेश विराटनगर च.नं. २८ मिति २०८१/०४/०७ को पत्रानुसार स्थानीय तहमा कर्मचारी समायोजन हुँदाका बखत यस नगरपालिकाको स्वीकृत स्थायी दरबन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी, करार नियुक्ति भई विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०८१ को दफा २ (ख) अनुसार हालसम्म अविछिन्न रुपमा कार्यरत कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (मिति २०८१/०४/१९ गते) भित्र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ऐन,२०८० को दफा १६ खण्ड (ग) को उपखण्ड ३ बमोजिमका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुँदाका बखतसम्म अविछिन्न भई हाल सम्म कार्यरत भएको कागजात र न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र कागजात प्रमाण सहित विवरण अध्यावधिकका लागि निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

तोकिएको समयावधी (मिति २०८१/०४/१९ गते) भित्र कागजात प्रमाण सहित निवेदन पेश नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत सम्बन्धित सबैमा सुचित गरिन्छ ।

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत